# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, असार २३ गते २०३२ साल [संख्या १३


### महालेखा परीक्षकको विभागको

### सूचना

लेखापरीक्षकसम्बन्धी नियमावलि, २०३२

लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "लेखापरीक्षकसम्बन्धी नियमावली, २०३२" रहेको छ ।

(२) यो नियमावली नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस नियमावलीमा–

(१) "ऐन" भन्नाले लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ सम्झनुपर्छ ।

(२) "विभाग" भन्नाले महालेखा परीक्षकको विभाग सम्झनुपर्छ ।

(३) "प्रमाण-पत्र दिने अधिकारी" भन्नाले समय समयमा महालेखा परीक्षकबाट प्रमाण-पत्र दिन अख्तियार पाएको अधिकारी सम्झनुपर्छ । यस शब्दले प्रमाण-पत्र नवीकरण गर्ने अधिकारीलाई समेत जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) "वर्ग" भन्नाले लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ को दफा ४ को 'क', 'ख', 'ग' र 'घ' मा परेको लेखापरीक्षकको वर्गलाई सम्झनुपर्छ।

३. लेखापरीक्षकको दर्ता र प्रमाण-पत्रः- (१) ऐनबमोजिम लेखापरीक्षकमा आफ्नो नाम दर्ता गराउन चाहने व्यक्तिले आफ्नो शैक्षिक योग्यता र अनुभवको प्रमाण-पत्रहरूको प्रतिलिपि संलग्न राखी अनुसूची 'क' को ढाँचामा पासपोर्ट साईजको २ प्रति फोटो समेत राखी निवेदनपत्र दिनुपर्छ।

(२) माथि उप-नियम (१) बमोजिमको निवेदनपत्र पर्न आएमा विभागले सम्बन्धित कागजात जाँची लेखापरीक्षकको प्रमाण-पत्र दिन मनासीब ठहरायकालाई साधारणतया निवेदनपत्र पेश हुन आएको पैंतीस दिनभित्र अनुसूची "ख" उल्लिखित ढाँचामा प्रमाण-पत्र दिइनेछ।

तर प्रमाण-पत्र दिनु अगावै निवेदकले पेश गरेको योग्यता र अनुभवको प्रमाण-पत्रको सक्कल प्रतिसंगै भिडाई हेरी जाँची रुजू गर्नु पर्नेछ।

४. लेखापरीक्षण गर्ने संस्थाको दर्ताः- (१) एक वा एक भन्दा बढी व्यक्तिहरू मिली कसैले लेखापरीक्षण संस्थाको नाम दर्ता गरी लेखापरीक्षण गर्न चाहेमा त्यस्ता प्रत्येक व्यक्तिले प्राप्त गरेको प्रमाण-पत्र संलग्न राखी अनुसूची "ग" मा उल्लिखित ढाँचामा निवेदन पत्र दिनुपर्छ।

(२) माथि उप-नियम (१) बमोजिमको निवेदनपत्र पर्न आएमा सम्बन्धित कागजात जाँची मनासीब ठहरिएका लेखापरीक्षण संस्थालाई पैंतिस दिनभित्र दर्ता गरी अनुसूची "घ" मा उल्लिखित ढाँचामा प्रमाण-पत्र दिइनेछ।

(३) एक वा एकभन्दा बढी व्यक्ति मिली संस्थाको नामबाट प्रमाण-पत्र लिइएकोमा, लेखापरीक्षण गर्ने फर्मका सदस्यले आफ्नो व्यक्तिगत प्रमाण-पत्रको वर्ग भित्रै रही लेखापरीक्षण गर्नुपर्दछ।

(४) संस्थाको नामबाट लेखापरीक्षण गरिएकोमा, लेखापरीक्षण गर्ने सदस्यले नै लेखापरीक्षण गराउने संस्थाले पेश गरेको बासलात वा अन्य कागजातमा समेत जाँची बुझी हेरेको निस्साको निमित्त दस्तखत गर्नुपर्छ।

(५) विभागमा पहिले दर्ता भैसकेको संस्थाको नाममा अर्को संस्थाको नाम दर्ता गर्न सकिने छैन।

(६) कुनै संस्थाको नाउँ विभागलाई ठीक नजाँचेमा दर्ता गर्न अस्वीकृत गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२२

५. प्रमाण-पत्र नवीकरणः- (१) ऐनको म्यादभित्र लेखापरीक्षण प्रमाण-पत्र पाएका व्यक्ति र संस्थाले लेखापरीक्षण प्रमाण-पत्र नवीकरण गराउँदा अनुसूची 'ङ' को ढाँचामा निवेदन दिनु पर्नेछ।

तर एकभन्दा बढी व्यक्ति भएका लेखापरीक्षण संस्थाले अनुसूची 'च' को ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) प्रमाण-पत्र नवीकरण गर्ने अधिकारीले नवीकरण गरेको सूचना अनुसूची "ञ" को ढाँचामा सम्बन्धित व्यक्ति वा संस्थालाई साधारण हुलाकद्वारा पठाउनेछ।

(३) लेखापरीक्षण प्रमाण-पत्र नवीकरण गराउन उपर्युक्त उप-नियम (१) बमोजिम पैंतीस दिनभित्र कुनै कारणले गराउन नसकेमा अर्को पैंतीस दिनभित्र मनासिब कारण समेत स्पष्ट देखाई थप नवीकरण दस्तूर सहित छुट्टै निवेदन दिनु पर्नेछ।

६. प्रमाण-पत्र र नवीकरण दस्तूरः-(१) लेखापरीक्षण प्रमाण-पत्र दिंदा र संस्थाको नाम लेखापरीक्षकमा दर्ता गराउँदा निम्नबमोजिम दस्तूर लाग्नेछ।

| (क) लेखापरीक्षण प्रमाण-पत्र | "क" वर्ग | "ख" वर्ग | "ग" वर्ग | "घ" वर्ग |
|---|---|---|---|---|
| निवेदनपत्रसंग — — — | रू. १।- को टिकट | रू. १।- को टिकट | रू. १।- को टिकट | रू. १।- को टिकट |
| प्रमाण-पत्र लिंदा — — | १,०००।- | ५००।- | २००।- | १००।- |
| प्रमाण-पत्र नवीकरण दस्तूर— — — — — | १००।- | ५०।- | २५।- | १५।- |
| थप नवीकरण दस्तूर—— | ५०।- | २५।- | १५।- | १०।- |

(ख) संस्था दर्ता

| | |
|---|---|
| निवेदनपत्रसंग — — — | रू. १।- को टिकट |
| प्रमाण-पत्र लिंदा — — — | २५।- |
| प्रमाण-पत्र नवीकरण दस्तूर — — — — | १५।- |
| थप नवीकरण दस्तूर — — — | ७।- |

(२) ऐन प्रारम्भ हुनुभन्दा अगावै विभागबाट लेखापरीक्षकको प्रमाण-पत्र पाई नवीकरण गर्नुपर्ने व्यक्तिले नवीकरण गर्न विभागमा निवेदन दिएमा यो नियमावली अनुसार नवीकरण दस्तूर लिई वर्ग छुट्याई नवीकरण गराई दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. लेखापरीक्षकले सूचना दिनेः– (१) ऐनको दफा १० (१) बमोजिम लेखापरीक्षकले कुनै संस्थाको लेखापरीक्षण गर्नु अगावै अनुसूची "छ" को ढाँचामा विभागलाई सूचना दिनु पर्नेछ ।

(२) ऐनको दफा १० (२) बमोजिम लेखापरीक्षकले सम्बन्धित संस्थामा प्रतिवेदन प्रस्तुत गरेको पैंतीस दिनभित्र प्रतिवेदनको एकप्रति सहित अनुसूची "ज" को ढाँचामा फाराम समेत भरी विभागमा दिनु पर्नेछ ।

८. लेखापरीक्षकको पारिश्रमिक र अन्य सुविधाः– (१) लेखापरीक्षकको पारिश्रमिक र अन्य सुविधा लेखापरीक्षण गर्ने तथा गराउने व्यक्ति वा संस्थाको सम्झौताबाट निर्धारण गर्नु गराउनु पर्नेछ ।

९. लेखापरीक्षकहरूले पालन गर्नु पर्ने आचरणः– ऐन अन्तर्गत प्रमाण–पत्र पाएका कुनै पनि लेखापरीक्षकले देहायबमोजिमको आचरण पालना गर्नु पर्नेछ ।

(१) ऐन अन्तर्गत प्रमाण–पत्र नपाएका व्यक्तिसंग साझेदारी वा अन्य कुनै किसिमले मिली लेखापरीक्षण व्यवसाय गर्न हुँदैन ।

(२) ऐन अन्तर्गत प्रमाण–पत्र पाएका व्यक्ति बाहेक अन्य व्यक्तिसंग आफूले पाएको वा आर्जन गरेको लेखापरीक्षण शुल्क वा पारिश्रमिकमा कुनै किसिमको साझेदारी गर्न वा मुनाफामा हिस्सा दिन हुँदैन र प्रमाण–पत्र पाएका लेखापरीक्षक लगायत अन्य कुनै व्यक्तिसंग आफूले पाएको वा आर्जन गरेको व्यावसायिक शुल्कमा कमिशन, दलाली इत्यादि दिनु हुँदैन ।

(३) डर, धाक, त्रास, चाकरी वा प्रलोभन देखाई कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिपत्र, विज्ञापन, चिट्ठीपत्र, अन्तरवार्ता वा अन्य कुनै माध्यमबाट व्यावसायिक लेखापरीक्षकले गर्ने कामहरू पाउनका लागि प्रभावित गर्न हुन्न वा आफ्नो व्यवसायको वा व्यवसायमा भएका उपलब्धिहरूको विज्ञापन समेत गर्न हुन्न ।

(४) आफूलाई काम लगाउने व्यक्ति र प्रचलित नेपाल कानूनले बाध्य गराए बाहेक अन्य व्यक्तिलाई आफ्नो व्यवसायको सिलसिलामा पाएका सूचना एवं स्पष्टीकरणहरू दिन वा भन्न हुँदैन ।

(५) कुनै लेखापरीक्षकले गरिरहेको कुनै पनि लेखापरीक्षण निजको लिखित स्वीकृति बिना अर्कोले गर्न हुँदैन ।

(६) कुनै लेखापरीक्षकले गरिरहेको कुनै पनि लेखापरीक्षण निजले पाइआएको पारिश्रमिक वा सुविधामा घटाघट गरी कुनै लेखापरीक्षकले लेखापरीक्षण गर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

(७) कुनै लेखापरीक्षक आफू स्वयंले वा आफ्नो साझेदार वा आफ्नो कर्मचारीले जाँची रूजू नगरेसम्म कुनै पनि आर्थिक विवरण प्रमाणित गर्न वा कुनै किसिमको प्रतिवेदन दिन हुँदैन ।

(८) कुनै पनि लेखापरीक्षकले आफ्नो वा आफ्नो साझेदारको हित भएको कुनै पनि संस्थाको आर्थिक विवरण प्रमाणित गर्दा वा प्रतिवेदन दिंदा उपर्युक्त हित भएको कुरा पनि स्पष्ट रूपले उल्लेख गर्नु पर्नेछ । तर कम्पनीमा शेयरहोल्डर मात्र भएकोमा हित भएको मानिने छैन ।

(९) कुनै पनि लेखापरीक्षकले आफूले प्रमाणित गरेको कुनै पनि आर्थिक विवरणलाई यथार्थ रूपमा दर्शाउन अफूलाई थाहा भएका कुनै पनि मूलभूत कुराहरू स्पष्टरूपले देखाउनु पर्नेछ वा आफूले थाहा पाएसम्म आफूले प्रमाणित गरेको आर्थिक विवरणमा कुनै गलत विवरण वा स्पष्टीकरण रहेछ भने सो पनि स्पष्टरूपले उल्लेख गर्नु पर्नेछ ।

(१०) कुनै पनि लेखारीक्षकले आफ्नो व्यवसायको सिलसिलामा गर्नु पर्न कर्तव्य उचित सावधानी र लापरवाही नगरी गर्नु पर्दछ र प्रचलित कानून र लेखापरीक्षणका सिद्धान्त अनुरूप नभएका वा नगरिएका कुनै पनि मूलभूत कुराहरूमाथि सम्बन्धित सबैको ध्यानाकर्षण गराउनु पर्नेछ ।

(११) कुनै पनि लेखापरीक्षकले व्यावसायिक काम गरे बापत पाउनु पर्ने पारिश्रमिकलाई मुनाफाको प्रतिशत वा अन्य कुनै अनिश्चित नतीजामाथि आधारित गर्नु हुँदैन ।

(१२) कुनै पनि लेखापरीक्षकले जानीजानी वा लापरवाही साथ सम्बन्धित संस्था वा विभाग वा श्री ५ को सरकार वा प्रचलित नेपाल कानूनबमोजिम दिनु पर्ने सूचना, स्पष्टीकरण वा विवरणमा झुट्टा कुरा उल्लेख गर्न हुँदैन ।

(१३) आफूले नोकरी छोडेको संस्थाको ३ वर्ष नपुगी लेखापरीक्षण गर्न हुँदैन ।

१०. अनुशासन समितिको कार्यविधिः– (१) कुनै लेखापरीक्षकले यस नियमावली अन्तर्गत पालन गर्नु पर्ने आचरण पालन नगरेमा, कुनै व्यक्ति वा विभागले यसैसाथ संलग्न अनुसूची "झ" को ढाँचामा महालेखा परीक्षक छेउ उजूरी गर्न सक्छ ।

(२) महालेखापरीक्षकले उपर्युक्त उजूरी माथि विचार गरी उजूरीबाट कारवाई गराउन पर्ने भन्ने लागेमा अनुशासन समितिको सचिव मार्फत अनुसन्धानको लागि अनुशासन समितिमा पेश गराउन वा सो उजूरीबाट कारवाई गराउन नपर्ने भन्ने लागेमा खारेज गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अनुशासन समितिको बैठकले उजूरीमाथि छलफल गरी लेखापरीक्षक माथि लाग्ने आरोप समेत खुलाई निज स्वयं वा निजको वकीलमार्फत सफाई पेश गर्नेको निमित्त समितिको बैठकमा उपस्थित हुन तीस दिनको म्याद दिनेछ।

(४) अनुशासन समितिले पक्ष विपक्ष दुबैको सबूद प्रमाण बुझी उजूरी मनासीव ठहराएमा आवश्यक सजायको लागि महालेखा परीक्षकसमक्ष सिफारिश गर्नेछ।

(५) महालेखा परीक्षकले अनुशासन समितिको सिफारिशमाथि विचार गरी ऐनबमोजिम सजायको आदेश दिनेछ। समितिको बैठकमा पेश गरी पक्ष विपक्षलाई भएको निर्णयको लिखित सूचना दिइनेछ। सो निर्णयलाई निजहरूले अन्तीम निर्णय मान्नु पर्नेछ।

११. लेखापरीक्षकको काम र कर्तव्यः–(१) लेखापरीक्षकले हिसाबकिताब जाँची सकेपछि देहायका कुरा समेत स्पष्ट गरी सो हिसाबकिताबसम्बन्धी प्रतिवेदन तयार गरी एक प्रति सम्बन्धित संस्थामा र एक प्रति महालेखा परीक्षककहाँ पेश गर्नुपर्छ।

(क) सोधनी र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र आए नआएको।

(ख) पेश भएको आम्दानी–खर्चको हिसाबकिताब रीतपूर्वक भए नभएको।

(ग) प्रचलित कानूनबमोजिम हिसाबकिताब श्रेस्ता ठीकसंग राखे नराखेको।

(घ) संस्थाको आर्थिक अवस्था यथार्थ देखिने गरी वासलात दुरूस्त भए नभएको।

(ङ) संस्थाका कर्मचारीले कानून बिरूद्ध कामकाज वा बेहिसाब गरे नगरेको।

(च) संस्थाको कारोवार सन्तोषप्रद सञ्चालन भए नभएको।

(छ) लेखापरीक्षकले मनासिव र आवश्यक सम्झेका अन्य कुराहरू।

(ज) लेखापरीक्षकले हिसाबकिताब श्रेस्ताहरू जाँचेको मिति समेत हाली दस्तखत गर्नुपर्छ।

१२. वासलातको कूल जम्मा मानिनेः– बासलातको सम्पत्ति वा दायित्वको कूल जम्मा गर्दा अचल सम्पत्ति न्यून ह्रास कट्टी, चल सम्पत्ति न्यून व्यवस्था, नोक्सान र अन्य सम्पत्तिको कूल जम्मालाई वासलातको कूल जम्मा मानिनेछ। सोबाट पनि अडचन परेमा उप–महालेखा परीक्षकको निर्देशनबमोजिम गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२९

१३. नियमहरूको पालनः– (१) महालेखा परीक्षकको विभागबाट प्रमाण–पत्र प्राप्त लेखा-परीक्षकहरूले यो नियमावलीको पालन गर्नु पर्दछ ।

(२) कुनै पनि लेखापरीक्षकले यो नियमावलीमा लेखिएको कुनै कुराको प्रतिकूल काम गरेमा निजले आफ्नो व्यवसाय अनुसारको काम नगरेको मानिनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२०

## अनुसूची– (क)

### नियम ३(१) संग सम्बन्धित

फोटो

श्री महालेखापरीक्षक,

महालेखापरीक्षकको विभाग,

बबरमहल, काठमाडौं।

श्रीमान्,

मेरो निम्न बमोजिमको अनुभव र योग्यता भएकोले कृपया मलाई प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने (        ) वर्गको लेखापरीक्षक प्रमाण–पत्र पाउन अनुरोध गर्दछु। कुनै बात कसूर लागेको छैन यसमा उल्लिखित व्यहोरा झूठो ठहरेमा ऐन बमोजिम सजाय सहने बुझाउने छु।

१. निवेदकको नाम थर :–

२. बाबुको नाम :–

३. जन्म मिति :–

४. नागरिकता :–

५. योग्यता :– ( प्रमाण–पत्रको प्रतिलिपी सहित )

(क) शैक्षिक :–

(ख) लेखा वा लेखापरीक्षणको अनुभव :–

६. स्थायी ठेगाना :–

७. अस्थायी ठेगाना :–

८. व्यावसायिक ठेगाना :–

९. पेशा :–

१०. ऐन प्रारम्भ हुनुअघि प्रमाण–पत्र पाएको भए प्रमाण–पत्र नं.... ... मिति र अन्तीम नवीकरण मिति :–

११. हाल कुनै सेवामा काम गरेको भए सो कार्यालयको नाम र दर्जा :–

निवेदक,

स्थान :–

मिति :–

सही :–

नाम :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– (ख)
नियम ३ (२) संग सम्बन्धित

प्रमाण–पत्र नं:–

फोटो

महालेखापरीक्षकको विभाग
(छाप)
लेखापरीक्षण प्रमाण–पत्र
" " वर्ग

श्री··· ··· ··· ··· लाई लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ को दफा ४ अनुसार लेखापरीक्षण गर्न यो प्रमाण–पत्र दिइएको छ।

यो प्रमाण–पत्र मिति... ... ... ...देखि...· ... ... साल आषाढ मसान्तसम्म र नवीकरण गराएमा नवीकरण अवधिसम्म बहाल रहनेछ।

मिति:– ... ... ... ...

निर्देशक

---

अनुसूची–(ग)
नियम ४ (१) संग सम्बन्धित

श्री महालेखापरीक्षक,
महालेखापरीक्षकको विभाग,
बबरमहल।

श्रीमान्,

म । हामी निम्नलिखित संस्थाको नामबाट लेखापरीक्षण गर्न प्रचलित कानूनबमोजिम इच्छुक भएकोले संस्थाको नाम दर्ता गरी पाउन अनुरोध छ। यसमा उल्लिखित व्यहोराहरू झूठा ठहरेमा ऐनबमोजिम सजाय सहने बुझाउनेछु । छौं।

संस्था दर्ता गर्दा लाग्ने दस्तूर रु. ... ... ...नेपाल राष्ट्र बैङ्कको खाता क–१–१–११ राजस्वमा दाखिला गरेको मिति ... ... ... ... भौचर यसै साथ संलग्न छ।

१. संस्थाको नाम:–
२. संस्थाको सदस्यहरूको नाम थर वतन सही:–
३. संस्थाको सदस्यहरूको प्रमाण–पत्र नं. र मिति:–
४. संस्थाको मूल कार्यालय रहेको स्थान र ठेगाना:–
५. संस्थाको शाखा उप–शाखा कार्यालयहरू भए स्थान र ठेगाना:–

निवेदक,

सही:–

नाम:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३)

अनुसूची- (घ)

नियम ४ (२) संग सम्बन्धित

प्रमाण-पत्र नं.:-

महालेखापरीक्षकको विभाग

(छाप)

लेखापरीक्षण प्रमाण-पत्र

" " वर्ग

श्री... ... ... ... ... ... ... लाई लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ को दफा ७ अनुसार लेखापरीक्षण गर्न पाउने गरी यो प्रमाण-पत्र दिइएको छ।

यो प्रमाण-पत्र मिति... ... ... ...देखि... ... ... ... ... ... ... ... साल आषाढ मसान्तसम्म र नबीकरण गराएमा नबीकरण अवधिसम्म बहाल रहनेछ।

मितिः- ... ... ... ... ... ... निर्देशक

अनुसूची- (ङ)

नियम ५ (१) संग सम्बन्धित

श्री महालेखापरीक्षक,
महालेखापरीक्षकको विभाग,
बबरमहल ।

श्रीमान्,

लेखापरीक्षकसम्बन्धी ऐन अन्तर्गत मैले त्यस विभागबाट पाएको प्रमाण-पत्र र मेरो नाममा दर्ता भएको लेखापरीक्षण संस्था नबीकरण गराउन निम्नबमोजिमको बिबरण सहित निवेदन गरेका छौं। कुनै बात कसूर लागेको छैन। यसमा उल्लिखित कुराहरू झुट्टा ठहरेमा ऐन बमोजिम सजाय सहने बुझाउने छौं।

लेखापरीक्षण प्रमाण-पत्र नवीकरण दस्तूर रू. . . . . . . . . र संस्था नवीकरण दस्तूर रू. . . . . .समेत जम्मा रू. . . . . . . नेपाल राष्ट्र बैंकको खाता नं. क १-१-११ राजस्वमा दाखिला गरेको भौचर यसैसाथ संलग्न छ।

१. निबेदकको नाम थरः-
२. स्थायी ठेगानाः-
३. अस्थायी ठेगानाः-
४. व्यावसायिक ठेगानाः-
५. पेशाः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

६. प्रमाण–पत्र नं. र पाएको मितिः–
७. प्रमाण-पत्रको म्याद भुक्तान भएको मितिः–
८. प्रमाण–पत्र नवीकरण गराउन चाहेको अवधिः–

संस्थासम्बन्धी विवरण

१. संस्थाको नामः–
२. ठेगानाः–
३. संस्थाको सदस्यको नामः–
४. प्रमाण–पत्रको म्याद भुक्तान भएको मितिः–
५. संस्था दर्ता भएको प्रमाण–पत्र नं. र मितिः–
६. संस्थाको शाखा कार्यालयहरूमा थपघट भए सोको विवरणः–

स्थानः– निबेदक,
मितिः– सहीः–
नामः–

अनुसूची– (च)
नियम ५ (१) सम्बन्धित

श्री महालेखापरीक्षक,
महालेखापरीक्षकको विभाग,
बबरमहल, काठमाडौं ।

श्रीमान्,

हामीले लेखापरीक्षण ऐन अन्तर्गत त्यस विभागमा दर्ता गराएको निम्नलिखित संस्थाको नवीकरण गराउन निवेदन गरेका छौं । यसमा उल्लिखित कुराहरू झुट्ठा ठहरेमा ऐनबमोजिम सजाय सहने बुझाउने छौं ।

संस्था नवीकरण दस्तुर रु ...... नेपाल राष्ट्र बैङ्कको खाता नं. क–१–१–११ राजस्वमा दाखिला गरेको भौचर यसैसाथ संलग्न छ।

१. संस्थाको नामः–
२. संस्थाको ठेगानाः–
३. संस्थाका सदस्यहरूको नामः–
४. गत वर्ष सदस्यहरूमा थपघट भए यस्ता सदस्यहरूको नाम र प्रमाण–पत्र नं. र मितिः–
५. संस्था दर्ता भएको प्रमाण–पत्र नं. र मितिः–
६. प्रमाण–पत्रको म्याद भुक्तान भएको मितिः–
७. प्रमाण–पत्र नवीकरण गराउन चाहेको अवधिः–
८. संस्थाको शाखा कार्यालयहरूमा थपघट भए सोको विवरणः–

निवेदक,
सहीः–
नामः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– (छ)

### नियम ७ (१) संग सम्बन्धित

श्री महालेखापरीक्षक,
महालेखापरीक्षकको विभाग,
बबरमहल, काठमाडौं।
श्रीमान्,

मैले। हामीले निम्नलिखित संस्थाको लेखापरीक्षक भई काम गर्न मन्जूर गरेकोले लेखापरीक्षकसम्बन्धी ऐनबमोजिम यो सूचना दिएको छु। छौं।

| लेखापरीक्षण गर्नुपर्ने संस्थाको नाम | आर्थिक वर्ष |
|---|---|

भवदीय,
(लेखापरीक्षकको नाम)
प्रमाण–पत्र नं.

स्थानः–
मितिः–

## अनुसूची– (ज)

### नियम ७ (२) संग सम्बन्धित

श्री महालेखापरीक्षक,
महालेखापरीक्षकको विभाग,
बबरमहल।
श्रीमान्,

मैले। हामीले निम्नलिखित संस्थाको लेखापरीक्षण समाप्त गरी लेखापरीक्षण प्रतिवेदनको एक प्रति जानकारीको लागि यसै साथ प्रेषित गरेको छु। छौं।

| लेखापरीक्षण गरेको संस्थाको नाम | संस्था गठन भएको ऐन | आर्थिक वर्ष | वासलातको कूल जम्मा | कूल आम्दानी | कूल खर्च |
|---|---|---|---|---|---|

भवदीय,
लेखापरीक्षकको नाम
प्रमाण–पत्र नं.

स्थानः–
मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– (झ)

नियम १० (१) संग सम्बन्धित

श्री अनुशासन समिति,
मार्फतः– श्री महालेखापरीक्षक,
महालेखापरीक्षकको विभाग,
बबरमहल ।

महोदय,

निम्नलिखित लेखापरीक्षकले निम्नबमोजिम आचरण उल्लङ्घन गरेकोले लेखापरीक्षक सम्बन्धी ऐनको दफा १४ अनुसार आवश्यक कारवाहीको लागि निवेदन गरेको छु । छौं । यसमा उल्लिखित कुराहरू झुट्ठा ठहरेमा ऐनबमोजिम सहने बुझाउने छु । छौं ।

१. पक्षको नाम, थर, वतनः–
२. विपक्षको नाम, थर, वतनः–
३. उजूरीको संक्षिप्त विवरणः–
४. उजूरीलाई पुष्ट्याइ गर्ने कुनै लिखित प्रमाण भए सोको प्रमाणित प्रतिलिपि मौखिक भए सोको संक्षिप्त विवरणः–

५. साक्षी (कम्तिमा दुई व्यक्ति) को नाम, थर, वतन र सहीः–

निवेदक,

सहीः–

स्थानः–
मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– (ञ)

नियम ५ (२) संग सम्बन्धित

प्रमाण–पत्र नं. :–

संस्था दर्ता नं. :–

महालेखापरीक्षकको विभाग

(छाप)

श्री ... ... ... ... बाट आर्थिक वर्ष ... ... ... को लागि लेखापरीक्षण प्रमाण–पत्र नवीकरण गर्न नवीकरण दस्तूर बापत नेपाल राष्ट्र बैं रू. ... ... दाखिला गरेको मिति ... ... को भौचर प्राप्त भयो।

तहाँलाई दिईएको मिति ... ... ... को प्रमाण–पत्र नं. ... ... ... को ... ... ... आषाढ मसान्तसम्मको लागि नवीकरण गरिएको छ।

लेखापरीक्षण अधिकारी

---

सरदार भीमबहादुर पाण्डे

महालेखापरीक्षक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार